सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा थ को उपदफा ३ र ४ तथा सूचनाको हक
सम्बन्धी नियमावली २०६५ को नियम ३ अनुसारको विवरण
(आ.व. २०८१/८२ को प्रथम त्रैमासिक विवरण)

१. निकायको स्वरुप र प्रकृति :
‘ख’ वर्गको राष्ट्रिय स्तरको विकास बैंक ।

२. निकायको काम, कर्तव्य र अधिकार :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र अन्य प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :
मिति २०८१/०६/३० मा ८४३ जना र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।

४. निकायबाट प्रदान गरिने सेवा :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम ‘ख’ वर्गको बैंकले दिन सक्ने सर्म्पूण बैंकिङ्ग सेवाहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :
यस सम्बन्धी विवरण बैंकको वेबसाइट www.shangrilabank.com मा उपलब्ध छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :
यस सम्बन्धी विवरण बैंकको वेबसाइट www.shangrilabank.com मा हेर्न सकिने छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :
सेवा अनुसार तथा प्रत्यायोजित अख्तियारी अनुसार फरक फरक । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :
ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागी कार्यलयमा उजुरी पेटिका राखिएको छ । केन्द्रीय कार्यलयमा प्रमुख संचालन अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

श्री अपूर्व प्रसाद जोशी
पद : प्रमुख संचालन अधिकृत
सांग्रिला डेभलपमेन्ट बैंक लि.
केन्द्रीय कार्यलय : बालुवाटार-४, काठमाण्डौं नेपाल
फोन न. ०१-४५२१८६१/६२/६३

९. सम्पादन गरेको कामको विवरण:
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम ‘ख’ वर्गको बैंकले दिन सक्ने सर्म्पूण बैंकिङ्ग सेवाहरु सम्पादन भइरहेको छ ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

सूचना अधिकारी : श्री अपूर्व प्रसाद जोशीं
पद : प्रमुख संचालन अधिकृत

प्रमुख : श्री सुयोग श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

देशमा रहेको प्रचलित सबै ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहायका ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकिङ्ग कारोवारका लागि प्रमुख रुपमा रहेका छन् ।

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- मुलुकी देवानी संहिता, २०७४
- विनिमय अधिकार पत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि
- उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
- नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पूर्ण निर्देशिका र परिपत्रहरू

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिँदै आएको । साथै सो विवरण बैंकको वेबसाइट www.shangrilabank.com मा समेत अद्यावधिक गरिएको ।

१३. तोकिए बमोजिमका अन्य विवरण :

नियमअनुसार तोकिए बमोजिमको अन्य विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनुका साथै बैंकको वेबसाइट www.shangrilabank.com मा समेत अद्यावधिक गरिएको ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

बैंकले गर्ने नियमित कार्यक्रम बाहेक अन्य कार्यक्रम नभएको ।

१५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :

www.shangrilabank.com

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :

नभएको ।

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण :

बैंकले गर्ने नियमित कार्य वाहेक अन्य कार्य नभएको ।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

हालसम्म सूचना वर्गीकरण नगरिएको ।

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :

आ.व.२०८१/८२ को प्रथम त्रैमासमा माग सम्बन्धी कुनै माग नआएको

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइट www.shangrilabank.com मा समेत प्रकाशन गरिएको छ। साथै बैंकको आर्थिक साथै धितोपत्रदर्ता सम्बन्धित विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाइट www.shangrilabank.com मा समेत प्रकाशन गर्दै आएको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.

स्थानिय विकाशको आधार